# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल माघ महिना २३ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय आदमघाटबाट तपशिलमा उल्लेखित ऋणीले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| **१. ऋणीको विवरण** |
|---|
| पदमराज उप्रेतीको छोरी खड्ग बहादुर उप्रेतीको बुहारी दिनेश उप्रेतीको पत्नी धादिङ जिल्ला गजुरी वडा नं. १ हाल, गजुरी गा.पा. वडा नं. १ बस्ने **लक्ष्मी उप्रती** (ना.प्र.नं. : ३/३५६३ जारी मिति र जिल्ला : २०६०/०४/०५, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) चन्द्र बहादुर उप्रेतीको नाति खडग बहादुर उप्रेतीको छोरा धादिङ जिल्ला पिडा वडा नं. २ हाल, गजुरी गा.पा. वडा नं. १ बस्ने **दिनेश उप्रेती** (ना.प्र.नं. : ३२६७५ जारी मिति र जिल्ला : २०५९/११/२२, धादिङ) |
| २) सुर्यप्रसाद पण्डीतको छोरी कृष्ण राज उप्रेतीको बुहारी पदमराज उप्रेतीको पत्नी धादिङ जिल्ला गजुरी वडा नं. १ हाल, गजुरी गा.पा. वडा नं. १ बस्ने **मैयाकुमारी उप्रेती** (ना.प्र.नं. : २६७०११-०४४/४५ जारी मिति र जिल्ला : २०४४/१२/२५, धादिङ) |
| **२. ऋणीको विवरण** |
| जगत बहादुर मगरको छोरी जीत बहादुर मगरको बुहारी दुर्गा ब. मगरको पत्नी धादिङ जिल्ला कल्लेरी वडा नं. ६ हाल, गल्छी गा.पा. वडा नं. २ बस्ने **गिता सुनारी मगर** (ना.प्र.नं. : २६२०३१/४८७ जारी मिति र जिल्ला : २०७०/०२/०२, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) धन बहादुर मगरको नाति जीतबहादुर मगरको छोरा धादिङ जिल्ला कल्लेरी वडा नं. ६ हाल, गल्छी गा.पा. वडा नं. २ बस्ने **दुर्गाबहादुर सुनारी** (ना.प्र.नं. : २६२/३२०० जारी मिति र जिल्ला : २०५९/०९/०७, धादिङ) |
| २) धन बहादुर मगरको नाति जीत बहादुर मगरको छोरा धादिङ जिल्ला गल्छी गा.पा. वडा नं. २ बस्ने **तारा बहादुर मगर** (ना.प्र.नं. : २/३२०२ जारी मिति र जिल्ला : २०५९/०९/०७, धादिङ) |

**"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"**


**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999

E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np


**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**